नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, कार्तिक ५ गते २०२५ साल [अतिरिक्ताङ्क २० (क)

नेपाल लोकसेवा आयोगको
सूचना नं. १

यस आयोगको सचिव श्री लक्ष्मणप्रसाद रिमाल यु. एन. फेलोसिप अन्तर्गत निजामती सेवा प्रणाली विषयमा अध्ययन भ्रमणमा जापानतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नहुन्जेल सम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यस आयोगका उप-सचिव श्री भुवनमान सिंह प्रधानलाई मिति ०२५-५-५-२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले-
भुवनमान सिंह प्रधान
का. मु सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल लोकसेवा आयोगको
सूचना नं. २

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यस आयोगको उप–सचिव श्री भुवनमान सिंह प्रधान का. मु. सचिव भै खाली हुन आएको उप–सचिव पदमा यसै आयोगका से. अ. श्री रेबतीरमण पोखरेललाई का. मु. उप–सचिव पदमा र से. अ. श्री रेबतीरमण पोखरेल का. मु. उप–सचिव भै खाली हुन आएको से. अ. पदमा यसै आयोगको ना. सु. श्री शिवप्रसाद पराजुलीलाई मिति २०२५–५–२९ देखि कायम मुकायम मुकरर गरेको छ।

भुवनमान सिंह प्रधान
का. मु. सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।